**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २१ अगस्त २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमंत्री नरेन्द्र मोदी पोलैंड अनि यूक्रेनको तीन दिने यात्राको क्रममा आज वारसा पुग्नु भएको छ|
२. कालेबुङ जिल्ला अस्पतालमा आजदेखि डाइलासिस सेवा शुरु भएको छ । यस कार्यले कालेबुङका किड्नी रोगीहरूको निम्ति उपचार अब सहज हुने भएको छ।
३. ३३ औ नेपाली भाषा मान्यता दिवसको अवसरमा दार्जीलिङ पहाड, तराई डूवर्स, तथा सिक्किमका विभिन्न संघ संस्थाहरुद्वारा नेपाली भाषाको प्रयोग गर्न आवहान गरेका छन्|
४. कोलकाताको आरजी कर अस्पताल मामिलामा मुख्यमन्त्रीको राजीनामाको माग गर्दै अखिल भारतीय विद्यार्थी परिषद (ABVP) को आन्दोलनलाई लिएर बुधबार सिलगढी शहरमा तनाउको परिवेश उत्पन्न भयो।
५. मिरिक डिग्री कलेजलाई उत्तर बंगाल विश्वविद्यालयसित स्थायी सम्बधत्ताको निम्ति प्रधानता प्राप्त भएको छ, जसले गर्दा विद्यार्थी अनि शिक्षा संकायमा खुसीको लहर छाएको छद्य

**प्रधान मंत्री . भारतीय रिजर्व बैंक**

प्रधानमन्त्री नरेन्द्र मोदीले श्ग्लोबल फाइनान्स सेन्ट्रल बैंकर रिपोर्ट कार्ड्स २०२४श मा लगातार दोस्रो पटक ष्‍़ष रेटिङ प्राप्त गरेकोमा भारतीय रिजर्व बैंकका गभर्नर शक्तिकान्त दासलाई बधाई दिनुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमाए प्रधानमन्त्रीले भन्नुभयो यो रिजर्व बैंक अफ इन्डियामा उहाँको नेतृत्वको प्रमाण हो र उहाँले देशको आर्थिक वृद्धि दर र स्थिरता कायम राख्न गरेको कामको प्रमाण हो।

****** ० ******

**जितेन्द्र . राष्ट्रिय अन्तरिक्ष दिवस**

पहिलो राष्ट्रिय अन्तरिक्ष दिवस अगस्ट २३ मा देशभर मनाइनेछ। यस वर्षको महोत्सवको थिम ष्टचिङ लाइभ्स बाई टचिङ द मुनः इन्डियाज स्पेस स्टोरीष रहेको छ। नयाँ दिल्लीको भरत मण्डपममा हुने मुख्य समारोह राष्ट्रपति द्रौपदी मुर्मुले उद्घाटन गर्नुहुनेछ।अन्तरिक्ष राज्यमन्त्री डा जितेन्द्र सिंहले आज पत्रकार सम्मेलन गर्दै गत वर्षको यही दिन चन्द्रयानदृ ३ मिसनका क्रममा चन्द्रमाको सतहमा विक्रम ल्यान्डरको सुरक्षित र सफ्ट ल्याण्डिङ भएको बताउनुभयो। यससँगै भारत चन्द्रमामा अवतरण गर्ने चौथो र चन्द्रमाको दक्षिणी ध्रुवीय क्षेत्र नजिकै अवतरण गर्ने पहिलो देश बनेको पनि बताउनुभयो ।

****** ० ******

**कालेबुङ जिल्ला अस्पतालमा डाइलासिस सेवा**

कालेबुङको लामो समयदेखिको संघर्ष पछि कालेबुङ जिल्ला अस्पतालमा डाइलासिस सेवा शुरु भएको छ । आज उद्घाटन कार्यक्रममा स्वास्थ विभाग कार्यकारी सभासद अरुण सिग्ची, पूर्व राज्य सभा सांसद शान्ता छेत्री, सी एम ओ एच सुप्रिया मित्र , सुप्रिन्टेन्ड सैकट वोस लगायत अस्पतालका पदाधिकारी लगायतको उपस्थिति रहेको थियो। कालेबुङ जिल्ला अस्पतालमा यो सेवा निःशुल्क प्रदान गरिने भएको छ। हाल यो पाँच वटा मसिनबाट आरम्भ गरिएको छ भने पछि यसलाइ अझ बढोत्तरी गरिने लक्ष्य रहेको अरुण सिंचिले बताउनु भएको छ। यस कार्यले कालेबुङका किड्नी रोगीहरूको निम्ति उपचार अब सहज हुने भएको छ।

****** ० ******

**जीटीए बागवानी विभाग**

मिरिक चियाबारी क्षेत्रका 63 कृषकहरुलाई जी टी ए बागवानी विभागले पोलिहाउस वितरण गर्ने भएको छ। जीटीए बागवानी विभागका कार्यकारिणी सभासद प्रणाम रसाईलीले आज बागवानी विभागका मन्त्री अरुप रोय, फुड प्रोसेसिङ इन्डस्ट्रि अनि बागवानी विभागका डाइरेक्टर साथै नोडल अधिकारी सँग भेट गरे पश्चात उहाँले पहिलो चरणमा आगामी 28 अगस्त 2024 देखि मिरिक चियाबारी क्षेत्रका 63 जना उपभोक्तालाई पहिलो पल्ट पोलिहाउस बितरण हुने जानकारी दिनु भएको छ। दोस्रो चरणमा अन्य चियाबारीमा पनि यो योजना कार्यान्वयन हुनेछ। कार्यकारिणी सभासद प्रणाम रसाईलीले आज बागवानी विभागका मन्त्री अरुप रोय, फुड प्रोसेसिङ इन्डस्ट्रि अनि बागवानी विभागका डाइरेक्टर साथै नोडल अधिकारी सँग भेट गरे पश्चात उहाँले पहिलो चरणमा आगामी 28 अगस्त 2024 देखि मिरिक चियाबारी क्षेत्रका 63 जना उपभोक्तालाई पहिलो पल्ट पोलिहाउस बितरण हुने जानकारी दिनु भएको छ। दोस्रो चरणमा अन्य चियाबारीमा पनि यो योजना कार्यान्वयन हुनेछ।

****** ० ******

**भाषा संरक्षण**

नेपाल भाषाले संविधानको आठौं अनुसूचीमा सजिलै मान्यता प्राप्त गरेको होइन। यसको निम्ति हाम्रा भाषा संग्रामीहरूले अथक संर्घष गर्नुपरेको लामो इतिहास छ। २० अगस्त १९९२ मा नेपाल भाषाले मान्यता प्राप्त गऱ्यो भने हिज मात्रै धूमधामले हर्षोलासका साथनेपाल भाषा मान्यता दिवस दार्जीलिङ पहा़ लागायत डुर्वस तराईमा पनि भव्यतापूर्वक पालन गरियो। भाषा संर्घषमा जनमत तैयार पार्नमा व्याक्ति विशेष बाहेक संघ संस्थाहरूको पनि अतुलनीय गोगदान रहेको छ जसमा उल्लेख अखिल भारतीय नेपाली भाषा समिति , भारतीय नेपाली राष्ट्रिय परिषद , नेपाली भाषा बचाउ समिति, नेपाली भाषा प्रयोग गर अभियान , नेपाल साहित्य सम्मेलन , गोर्खा दुःख निवारक सम्मेलन आदि। यसै सर्न्दभमा सिक्किमका मुख्यमंत्री प्रेम सिंह तामंगले नेपाली भाषाको संरक्षण तथा प्रर्बद्धन गर्न पछि नपर्ने आहवान गर्नुहुँदै सरकारी कामकाजको निम्ति अंग्रेजीका भाषाको साथ साथै नेपाली भाषा पनि प्रयोग गरौं भन्ने सरकारी आदेश जारी गर्नुभएको छ।

उसरीनै दार्जीलिङ , खरसांग , कालेबुङ तथा डुवैसका विभिन्न संस्थाहरूले पनि अधिक सभन्दा अधिक नेपाली भाषका प्रयोग गरौं र आफ्नो भाषालाई गरिममाय बनाउन भन्ने मनशायले अभियान नै शुरू गरेका छन्। हुन पनि भाषा बाँचे जाति बाँच्छ , जाति बाँचे संस्कृति भन्ने सबैका एकमत छ। नेपाली भाषा मान्यता दिवसको अवसरमा मात्र प्रचार र प्रसार नगरेर ३६ वर्षको लामो अवधि सम्म संर्घष गरेर मान्यता प्राप्त गरेको भाषालाई बचाउनु हामी सबैको दायित्व पनि ठहर्दछ।

****** ० ******

**निबन्ध लेखन**

भाषा मान्यता दिवस २०२४ को छेक पारेर यस वर्ष्देखि नेपाली भाषा मान्यता प्राप्तिको उपलक्ष्यमा सूचना एवम् सांस्कृतिक विभाग अनि शिक्षा विभाग, गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रयासमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन स्तरीय अन्तर विध्यालय नेपाली निबन्ध लेखन प्रतियोगिताआरम्भ गरिएको छ। यस अर्न्तगत विशेष विध्यार्थीहरूलाई नेपाली भाषा-साहित्यप्रति जागरूक र उत्साहित बनाउन विभिन्न पुरस्कारा साथै नगद राश्किो पनि व्यवस्था गरिएको छ। आगामी २३ तारीख अगस्त २०२४ शुक्रवारको दिन यस प्रतियोगिताका महकुमा स्तरीय छनौट कार्यक्रम सम्पन्न गरिने सम्बन्धित विभागबाट जानकारी प्राप्त भएको छ।

****** ० ******

**आधिकारिक सूचना**

१७तारीख जुन २०२४ मा घअेको कंचनजंघा रेल दुर्घटना परी मृत्यु भएका या गंभीर रूपले घाइते भएकाहरूले पश्चिम बंगाल सरकार विपद व्यवस्थापन तथा नागरिक रक्षा विभागले जारी गरेको सूचना अनुसार प्रधानमंत्री राष्ट्रिय राहतकोष अर्न्तगतसहयोग राश्किो ला िगसिलगड़ीको उप-विभागीय अधिकारी ख उत्तर बंगाल मेडिकल कलेजका मडिकल सुपरिरेन्टेन्ड अनि भाइस प्रिन्सिपल, अनि फाँसीदेवा र मतिगढ़ाका बीडीओ हरू समक्ष यस सम्बन्धमा विशेष रूपमा आवेदन गर्न आहवान गरिएको छ। आवेदन गर्दा आवेदनकारीले यी अस्तावेज अनि जानकारी पेश गर्नुपर्नेछ।:.

१. मृतक या गम्भीर रूपमा घाइते भ्ठाएकाहरूको नाम/ उमेर अनि लिंग
२. पीडितको मोबाईल नम्बर (मृत्यु भएको अवस्थामा, आफन्तको मोबाईल नम्बर
३. ठेगाना।
४. पीडिऋतको आधार नम्बर (मृत्यु भएको अवस्थामा ,आफन्तको आधार कार्ड विवरण)
५. बैंक खाता विवरण।

६. बैंक पासबुक फोटो ।
७. स्वयम आवेदन गरेको खण्डमा
(क) रेल टिकटको प्रतिलिपि अनि (ख) मेडिकल रेकर्ड ।

****** ० ******

**रिम्बिक लोधोमा**

रिम्बिक लोधोमाको बाँसबोटेमा लोधोमा ग्राम पंचायत १ अनि २ को पंचायत कार्यालयको आज विधिवत् रुपमा उद्घाटन गरिएको छ। क्षेत्रीय सभासद् नोर्देन शेर्पा, ग्राम पंचायत प्रधान अनि समिति सदस्यहरूले पंडितको मन्त्रोच्चारणसंगै नरिवल फुटाएर पुनःनिर्मित पंचायत कार्यालयको विधिवत् रुपमा उद्घाटन गरिएको छ। यस विषयमा क्षेत्रीय सभासद् नोर्देन शेर्पाले जिटिएले पंचायती व्यवस्था फर्काइल्याएको कारण ग्रामीण क्षेत्रको पनि विकास भइरहेको बताउनु भएको छ|

****** ० ******

**अखिल भारतीय विद्यार्थी परिषद**

कोलकाताको आरजी कर अस्पताल मामिलामा मुख्यमन्त्रीको राजीनामाको माग गर्दै अखिल भारतीय विद्यार्थी परिषद (ABVP) को आन्दोलनलाई लिएर बुधबार सिलगढी शहरमा तनाउको परिवेश उत्पन्न भयो। एबीभीपीले कोलकाता मामिलामा मुख्यमन्त्रीको राजीनामाको माग गर्दै सिलगढी महकुमाशासक कार्यलय घेराउ गरेर विरोध प्रदर्शन गरेको थियो। प्रदर्शनकारीहरूलाई पुलिसले ब्यारिकेड लगाएर रोकेपछि उनीहरू ब्यारिकेड तोडेर अगाडि बढेका थिए । यसैबीच एबीभीपीका समर्थक र पुलिसबीच झडप पनि भयो । प्रदर्शनकारीहरूले मुख्यमन्त्रीको पुतला पनि दहन गरे।

****** ० ******

**कालेबुङ रम्फु परियोजना**

सेवक रम्फु रेल परियोजनाको निर्माण कार्यमा अनियमितता भएको आरटीआई एक्टिभिस्ट एसोसिएशन कालेबुङका सचिव लवण सुब्बाले आरोप लगाउनु भएको छ। टनल खनन् कार्यमा निस्किएको माटो नदीमा हालेको कारण टिस्टा नदीको जलस्तर माथी आएको उहाँले बताउनु भयो। अर्कोतिर टनल बनाउन चाहिने गिट्टी, बालुवा सिक्किमबाट आएको देखाइएको तर पुलिसको रेकर्डमा त्यस्तो नभेटाएको उहाँले बताउनु भयो। निर्माण कार्य गुणस्तरीय नभए यो क्षेत्रमा भविष्यमा व्यापक प्रभाव पर्ने आशंका उहाँले प्रकट गर्नुभयो।

****** ० ******

**मिरिक कलेज**

२३ वर्षको दीर्घकालीन प्रतीक्षापछी मिरिक कलेजलाई उत्तर बंगाल विश्वविद्यालयसित स्थायी सम्बधत्ताको निम्ति प्रधानता प्राप्त भएको छ।जसले गर्दा विद्यार्थी अनि शिक्षा संकायमा खुसीको लहर छाएको छ्यमिरिक कलेजमा वर्तमानमा स्नातक तहसम्मका ६ सय विद्यार्थीहरुले अंग्रेजीएनेपालीएइतिहासएभूगोल र राजनीति विज्ञान विषयहरुमा अध्ययन गरिरहेका छन्ध्यउत्तर बङ्गाल विश्वविद्यालयका कलेज निरीक्षक देवाशिष दत्ताले भन्नुभयो.यो कलेजको आफ्नो जमीन नभएकाले यो माग दीर्घ समयदेखि लम्बित रह्यो जुन अहिले पुरा हुन सकेको छ्यष कलेजका शिक्षक प्रभारी नीमा लामाले भन्नुभयो. ष्यो हाम्रो निम्ति ठूलो उपलब्धि होद्य अब कलेजका विभिन्न संकाय सदस्यहरुको पदमा भर्नाको निम्ति आह्वान गरिनेछद्यजसमा विद्यार्थीहरुले नयाँ नयाँ कोर्सहरु लिन सक्षम हुनेछन्।

****** ० ******

**गोरामुमो-रिम्बिक लोधोमा**

रिम्बिक लोधोमा समष्टिका युवाहरुद्वारा कालो झण्डा लगाउने अभियानलाई जारी राख्दै समष्टिका विभिन्न क्षेत्रहरु लोवर रेलिङ , रेलिङ बजार , लोवर लामा गाउँ , झेपी , गुर्दुम , अनि सुम्बुक बजारसम्म कालो झण्डा लगाएका छन् । पत्रकारहरुलाई सम्बोधन गर्ने क्रममा दिपक छेत्रीले गोर्खाहरुले आफ्नो धर्म निभाइसकेका छन् अब आफूहरु भारत सरकारद्वारा न्यायको प्रतीक्षामा रहेको बताउनु भएको छ। उहाँले भारत सरकारले न्याय दिनमा ढिलाई गरेकोले प्रतिवाद स्वरूप कालो झण्डा लगाएर भारत सरकारलाई सन्देश दिन पार्टी अध्यक्ष मन घिसिङले चलाएको अभियानलाई समष्टिका युवाहरुले आत्मसात गरेको बताउनु भयो। उहाँले

भन्नुभयो, हाम्रो भुभागलाई भारतमा गाभेर हामीलाई संवैधानिक हक र अधिकार देऊ भन्दा हामीलाई घरि घरि विदेशी र बिछिन्नतावादीको लान्छना लगाउने गरेको प्रतिवादमा पनि कालो झण्डा लगाइएको हो।

****** ० ******

**सिलगढी- चोरी**

सिलगढीमा विगतका आपराधिक गतिविधिमा परिचित सुनिल तामाङलाई गुरुङ बस्तीस्थित भानुभक्त चोक नजिकैको एक निजी विद्यालयबाट १ लाख ८७ हजार रुपैयाँ चोरी गरेको अभियोगमा प्रधाननगर पुलिसले पक्राउ गरेको छ।१५ अगस्तदेखि बन्द रहेको विद्यालय हिजो खोल्दा चोरी भएको पाइएको थियो। लिखित प्राथमिकीपछि पुलिसले गोप्य स्रोतबाट सङ्कलन गरेको सूचनाका आधारमा जंक्शन एसजेडीए मार्केटमा छापा मारेको थियो। तामाङलाई पक्राउ गरी लुटेको २६ हजार ५०० रुपैयाँ बरामद भएको छ। त्यसपछि उनलाई सिलगढी अदालतमा पेश गरियो। पुलिसले अहिले बाँकी रकम असुल्ने प्रयत्न गरिरहेको छ। तामाङ आपराधिक क्रियाकलापमा पक्राउ परेको यो पहिलो पटक भने होइन। उनी यसअघि पनि विभिन्न घटनामा संलग्न रहेको भन्दै प्रधाननगर पुलिस चौकीले झण्डै सात पटक पक्राउ गरिसकेका छन्।

****** ० ******

**सिलगढी बिद्यार्थीको मृत्यु**

बैकुन्दपुर वन नजिकैको पोखरीमा पौडी खेल्ने क्रममा डुबेर एक विद्यार्थीको मृत्यु भएको खबर प्राप्त भएको छ। प्रचण्ड गर्मीबाट राहत पाउन पोखरीमा नुहाउन गएको बेला सो घटना भएको हो। अधिकांश विद्यार्थीको उद्धार हुँदा आशिघरका तुषार बर्मन बेपत्ता भएको थियो। स्थानीयवासी र पुलिसको सहयोगमा ६ घण्टाको खोजीपछि उनको शव बरामद भएको छ। अम्बरी चौकीले दुर्घटनाको अवस्थाबारे अनुसन्धान गरिरहेको छ।

****** ० ******